**संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल**

**प्रेस विज्ञप्ति – २०६४ ज्येष्ठ २५**

---

## संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तद्वारा नेपालस्थित प्रतिनिधिको नियुक्तिको घोषणा

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त लुइस आर्वरले नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसीएचआर नेपाल)का प्रमुख तथा देशमा आफ्नो प्रतिनिधिका रूपमा रिचर्ड बेनेटको नियुक्तिको आज घोषणा गर्नुभयो। श्री बेनेटले २०६४ श्रावणको अन्त्यसम्ममा आफ्नो जिम्मेवारी सम्हाल्नुहुनेछ।

श्री बेनेटको मानवअधिकारसम्बन्धी व्यापक अन्तर्राष्ट्रिय अनुभव नेपालस्थित उच्चायुक्तको कार्यालयको सञ्चालनका लागि उपयोगी हुने कुरा उच्चायुक्तले बताउनुभयो। "श्री बेनेटको नेतृत्वमा उच्चायुक्तको कार्यालयले शान्ति प्रक्रियाको सन्दर्भमा मानवअधिकारसम्बन्धी मुद्दाहरूलाई सम्बोधन गर्न, मानवअधिकारको प्रवर्द्धन तथा संरक्षण गर्नका निम्ति आफ्नो क्षमताको विकास गर्न र दण्डहीनताको अन्त्य गर्न नेपाललाई उच्चतमस्तरको मद्दत तथा सहायता उपलब्ध गराउने कार्य जारी राख्नेछ भन्ने कुरामा म विश्वस्त छु," उहाँले भन्नुभयो।

श्री बेनेटले मानवअधिकार उच्चायुक्तकी अफगानिस्तानस्थित प्रतिनिधि तथा अफगानिस्तानस्थित संयुक्त राष्ट्रसङ्घीय मिसनको प्रमुख मानवअधिकार अधिकृतको रूपमा सन् २००४ अगष्टदेखि सेवा पुऱ्याउँदै आउनुभएको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै रूपमा मानवअधिकार संरक्षणसम्बन्धी उहाँको व्यापक अनुभव छ। श्री बेनेटले सन् २००० देखि पूर्वी टिमोर र सियरा लियोनमा भएका जटिल कारबाहीका क्रममा वरिष्ठ मानवअधिकार पदहरूमा रहेर संयुक्त राष्ट्रसङ्घमा सेवा पुऱ्याउनुभएको छ। संयुक्त राष्ट्रसङ्घमा प्रवेश गर्नुभन्दा अघि उहाँले न्युजिल्यान्ड मानवअधिकार आयोग र न्याय मन्त्रालयमा रहेर धेरै वर्षसम्म काम गर्नुभयो।

For further information contact Mr. Chun Bahadur Gurung at OHCHR-Nepal:
Tel.: 428 0164 (Ext. 320) - Mobile: 98510 16937 or Email: cgurung@ohchr.org